# सिद्धार्थनगर नगरपालिका कार्यालय
## सिद्धार्थनगर, रुपन्देही


प.सं. प्रशासन /०७०/०७१ मिति :– २०७०।११।६
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०७० साल माघ महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०७०।१०।२ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका बोर्ड बैठक प्रमुख एवं कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

श्री टीकादत्त राई – प्रमुख/का.अ. सि.न.पा.

**आमन्त्रीत**

श्री शैलेन्द्र प्रसाद श्रेष्ठ – ब.ई. सि.न.पा.
श्री बिवेक कुमार खनाल – ब.अ. सि.न.पा.
श्री गणेश बहादुर क्षेत्री – ब.अ. सि.न.पा.
श्री देव प्रसाद ज्ञवाली – शाखा अधिकृत
श्री श्रीराम गुप्ता – अध्यक्ष, कर्मचारी एशोसिएशन

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिकाको आगामी आ.ब. २०७१/७२ को बार्षिक नीति तथा कार्यक्रम मिति २०७०।१०।९ गते दिनको १.०० बजे सि.न.पा. को बैठक कक्षमा पत्रकार सम्मेलन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

**निर्णय नं. २(दुई)**

आ.ब. २०७१/७२ को बार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गर्ने कार्यक्रममा सहभागी पत्रकारलाई प्रति व्यक्ति रु ३००।-(तिन सय) का दरले यातायात खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

सिद्धार्थनगर नगरपालिका वार्ड नं. ५ हाट बजार पथमा सामुदायिक भवन निर्माण गर्नका लागी नगरविकास कोषको अनुदान सहयोगबाट ५० प्रतिशतले हुन आउने रु ३२,९०,४४७।३४, ऋण अनुदानबाट ४० प्रतिशतले हुन आउने रु २६,३२,३५७।८७ र नगरपालिकाले पारस्परिक कोष (Matching Fund) बाट व्यहोर्नु पर्ने ६,५८,०८९।४७ समेत गरी कुल लागत रु ६५,८०,८९४।६९ को योजना स्वीकृतिको लागी नगरविकास कोषमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

यस नगरपालिकामा कानुन अन्बेषण तथा श्रोत विकास केन्द्र(सेलर्ड) को सहयोगमा सञ्चालित मेलमिलाप केन्द्र संग भएको सम्झौता अनुसार नगरपालिकामा आन्तरिकीकरण गरी सकिएको छ । मेलमिलाप केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न न.पा. ले बजेट समेत व्यवस्था गरेकोले सो बजेटबाट व्ययभार हुने गरी विवाद निरोपणको लागी बस्ने प्रति बैठक मेलमिलाप कर्तालाई प्रति व्यक्ति रु २००।- दुई सय) का दरले यातायात खर्च दिने निर्णय गरियो ।

### मिति २०७०।१०।२८ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार

**निर्णय नं. १(एक)**

रुपन्देही क्याम्पसको फर्निचर खरीद गर्नको लागी आवश्यक सहयोग हुन च.नं. १६९ मिति २०७०।१०।९ पत्रद्वारा अनुरोध भई आएको हुँदा सो क्याम्पसको सभाहलमा कुर्चि खरीद गर्नको लागी रु १,००,०००।– (अक्षरुपी रु. एक लाख मात्र ) संघ संस्था अनुदान शिर्षकबाट दिने निर्णय गरियो ।

**निर्णय नं. २(दुई)**

नेपाल सरकार तथा एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा सिद्धार्थनगर नगरपालिकामा संचालित एकीकृत शहरी विकास परियोजना (IUDP) परियोजना कार्यान्वयन इकाईको लागि आ.ब. ०७०।०७१ मा आवश्यक पर्ने निम्नानुसा्रको बार्षिक बजेट रु. ६,५०,००,०००।- (अक्षरेपी छ करोड पचास लाख) स्वीकृत गर्ने निर्णय गरियो ।

**बार्षिक बजेट**

**चालु तर्फ:**

| क्र.सं. | शिर्षक | बार्षिक बजेट |
|---|---|---|
| १ | तलब | ३८००,०००.०० |
| २ | बैठक भत्ता | २००,०००.०० |
| ३ | लुगा भत्ता | १०५,०००.०० |
| ४ | दै.भ्र. भत्ता | [illegible] |



"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" – सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. ३(तिन)**

सिद्धार्थ ताईक्वाण्डो विकास समितिले प्रथम लुम्बिनी राष्ट्रिय च्याम्पीयनसिप २०७० आयोजना गर्न कार्यक्रम सञ्चालन खर्च माग गरेकोमा उक्त कार्यक्रम गर्न विल भर्पाइ अनुसार रु २०,०००।- (अक्षेरुपी बिस हजार) मात्र कार्यक्रम खर्च दिने निर्णय गरियो ।

**निर्णय नं. ४(चार)**

चालु आ.ब. २०७०/७१ को बार्षिक कार्यक्रममा ६०/४० अन्तरगत विनियोजन भएको बजेटबाट निम्नानुसार योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजनाको नाम | वडा नं. | लागत अंक | कैफियत |
|---|---|---|---|---|
| १ | नाला निर्माण | पिपरहिया स्कुल जाने बाटो (लक्ष्मीपथ) - ६ | ७,००,०००।- | |
| २ | नाला निर्माण | शिवपथ उत्तर - ८ | ४,००,०००।– | |
| ३ | स्वर्गद्वारी घाट निर्माण | वडा नं. - २ | ४,००,०००।- | |
| ४ | नाला निर्माण | शान्तीपथ- १३ | ४,००,०००।- | |
| ५ | नाला निर्माण | बसडिलिया शिव मन्दिर उत्तर - ८ | ४,००,०००।- | |
| ६ | नाला निर्माण | जनकपथ उत्तर नारायण भण्डारीको घर सम्म - ७ | ५,००,०००।- | |
| ७ | नाला निर्माण | खाद गोदामको पश्चिम पट्टी - ८ | ४,००,०००।- | |
| **कुल जम्मा** | | | **३२,००,०००।-** | |




**"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका**
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np